Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81949
Research Article
ISSN: 3021-9035 Print

# समाजवाद उन्मुख अर्थतन्त्रको भ्रम र वास्तविकता

**डा. उत्तम खनाल**
*khanaluttam24@yahoo.com*

## लेखसार

समाजवाद उन्मुख अर्थतन्त्रको भ्रम र वास्तविकता विषयमा अध्ययन गर्दा विषयवस्तुको प्रस्तुति, शोधप्रश्न, उद्देश्य, अध्ययन विधि, तथ्याङ्क सङ्कलन र विश्लेषणजस्ता महत्त्वपूर्ण पक्षहरू समावेश गरिएको छ। नेपालको अर्थव्यवस्था समाजवाद उन्मुख हो या यो भ्रम हो भन्ने सवालमा विस्तृत रूपमा खोज कार्य गरिएको छ। समाजवादी अर्थव्यवस्थाको मोडेल नेपालमा कस्तो हुन्छ ? यसको प्रस्ट खाका सरकारको नीति तथा कार्यक्रममा आएको छैन। पूर्वसोभियत सङ्घमा लेनिनले लागु गरेजस्तो समाजवादी अर्थप्रणाली लागु गर्न सकिन्छ वा सकिँदैन ? यस विषयमा सरकार अलमलमा परेको छ। नेपालको संविधान र कानुनी भाष्यलाई छोडेर भन्दा सरकारले मिश्रित अर्थव्यवस्थालाई विकल्पको रूपमा लिएको देखिन्छ। उसले लागु गरेका सामाजिक सुरक्षा, योगदानमा आधारित सुरक्षा कोष, सहकारी क्षेत्रको परिचालन, अनुदान र सार्वजनिक संस्थानद्वारा प्रदान गरिने वस्तु तथा सेवाको उत्पादन र वितरण प्रणालीले समाजवादी कार्यक्रमको झल्को दिन्छ। यति हुँदाहुँदै राज्यले पुँजी निर्माण, परिचालन, उत्पादन, वितरण र रोजगारी सृजनामा समाजवाद उन्मुख अर्थतन्त्रलाई पूर्ण रूपमा आबद्ध गराउन सकेको छैन। बचत परिचालन तथा पुँजी निर्माणको काममा राज्यले कुन मोडेलको अर्थव्यवस्था अगाडि बढाएको हो भन्नेमा प्रस्ट छैन। अर्थतन्त्रको भार सरकारी कि निजी क्षेत्रले धान्ने भन्ने बारेमा पनि राज्य मौन छ। झट्ट हेर्दा समाजवादी कार्यक्रम अगाडि सारेको जस्तो देखिए पनि लोकतान्त्रिक, आधुनिक नवमार्क्सवादी वा उदार पुँजीवादी ढाँचाको कार्यक्रममा जोड दिएको जस्तो देखिन्छ। नेपाललाई २५ वर्षभित्र उच्च आय भएको मुलुकमा रूपान्तरण गर्ने नीति लिएको भए पनि पहिलो पाँच वर्षलाई समृद्धिको आधार वर्षमा राख्ने योजना कार्यान्वयनमा जटिलता छ। समाजवाद जनताको अधिकतम हित र सेवामा समर्पित भएर समानताको लागि काम गर्ने शासन व्यवस्था भएकाले त्यसको चरित्रसहितको अर्थव्यवस्था राज्यले अङ्गिकार गरेको छैन। राज्यको कार्यशैली र तथ्यगत कुरालाई हेर्दा नेपालको अर्थतन्त्र समाजवाद उन्मुख छ भन्नु केवल भ्रम मात्र हो, वास्तविकता होइन।

## शब्दकुञ्जी

राज्य, सामूहिक हित, उत्पादन तथा वितरण

## विषय प्रवेश

समाजवाद एक राजनीतिक दर्शन हो। यसले सबै नागरिकहरूलाई समान अधिकार र अवसरहरू प्रदान गर्न उत्पादनका सबै साधनहरूमा राज्य स्वामित्वको वकालत गर्दछ। यसले राष्ट्रका प्रत्येक नागरिकको कल्याण तथा न्यायको जिम्मेवारी राज्यले लिनुपर्छ भन्ने दर्शनमा विश्वास गर्छ। समाजवादी अर्थव्यवस्थाले आमनागरिकको समानताको विचारलाई स्वीकार गर्छ। समाजवादी प्रणालीले प्रत्येक कामदारलाई उत्पादकको रूपमा मान्छ। समाजवादले के उत्पादन गर्ने र कसरी उत्पादन गर्ने भन्ने विषयमा निर्णय लिन कामदारको भूमिका खोजेको हुन्छ। समाजवादको

उद्देश्य उत्पादनका साधनहरूलाई निजी स्वामित्वबाट सङ्गठित राज्यको स्वामित्वमा हस्तान्तरण गराउनु हो । अतः देशको विद्यमान आर्थिक व्यवस्थाको संयन्त्र जाँच नगरी समाजवादको बारेमा छलफल गर्न सम्भव छैन (मिसेस, १९८१ पृ १४९) ।

नेपाली समाजको चरित्र पुँजीवादी भए पनि राज्यको चरित्र लोकतान्त्रिक गणतन्त्र र संवैधानिक रूपमा अर्थतन्त्रको चरित्र समाजवाद उन्मुख छ। संवैधानिक रूपमा अगाडि सारिएको तीनखम्बे अर्थनीति तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न निजी क्षेत्रमा रहेको पुँजीलाई राज्यले उत्पादनशील पुँजीमा परिणत गर्नुपर्छ। समाजवादी अर्थव्यवस्थामा राज्य सबैभन्दा बलियो हुने भएकाले उत्पादनमूलक र सेवामूलक क्षेत्रमा राज्यको वर्चश्व कायम गरेर बजारको नियन्त्रण गर्ने र बजार चलायमान गर्ने काम सरकारले गर्छ।

यसबाहेक समाजवाद उन्मुख अर्थतन्त्रका सवालमा नेपालमा क्रियाशील दलहरूले आफ्नो सैद्धान्तिक धरातल–अनुसार फरकफरक धारणा राखेका छन्। देशका ठुला दल नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादीको समेत यो विषयमा समान धारणा बन्न सकेको छैन। वामपन्थी दलले समाजवादमा सार्वजनिक क्षेत्रलाई मुख्य खम्बा तथा निजी र सहकारीलाई सहायक खम्बाको रूपमा लैजाने आर्थिक रणनीति लिएका छन् भने प्रजातान्त्रिक दलहरूले निजी क्षेत्रलाई मुख्य खम्बाको रूपमा विकास गर्ने रणनीति लिएका छन्। यसरी हेर्दा वामपन्थी र प्रजातान्त्रिक दलहरूले समाजवाद उन्मुख अर्थतन्त्रको विकास कसरी गर्न सकिन्छ भन्ने सवालमा ठोस कार्ययोजना अगाडि सारेको देखिँदैन।

नेपालको संविधान २०७२ ले समाजवाद उन्मुख अर्थतन्त्रको वकालत गरे पनि त्यसको सम्भावना न्यून छ। समाजवादी अर्थराजनीतिले राज्यको उत्पादनका साधनको अवस्थाबारे विमर्श गरेको हुन्छ। त्यो कुरा नेपाली परिवेशमा अतिथोरै देखिन्छ। नेपाली राजनीतिमा जातीयता र धार्मिक पहिचानको सवाल निकै उठ्ने गरेको छ। यस्ता विषयले समाजवादको परिकल्पना गर्दैन र आर्थिक गतिविधिमा राज्यको नियन्त्रण कायम रहँदैन। बरु राजनीति समानान्तर रूपमा अगाडि बढिरहेको हुन्छ। यस अर्थमा समाजवादी एजेन्डाको कार्यान्वयन राजनीतिक तथा आर्थिक रूपमा चुनौतीपूर्ण रहेको कुरा राजनीतिक दल आफैँले स्वीकारेका छन् । यस परिस्थितिको बावजुद उनीहरूले समाजवाद उन्मुख अर्थतन्त्रको यात्रा सुरु गर्ने कोसिस गरेका छन् (मिश्र, २०१९ पृ ७३) ।

समाजवादको मुख्य मार्ग पुँजीवादी अर्थव्यवस्थाको रूपान्तरण हो। मुलुकको अर्थतन्त्र एउटा प्रणालीबाट अर्को उत्पादनको प्रणालीमा रूपान्तरण गराउनु हो । नेपालको संविधान २०७२ ले मुलुकको राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने लक्ष्य राखेको छ। यो किसिमको संवैधानिक व्यवस्था कार्यान्वयन गर्न कुन मोडलको समाजवादी अर्थतन्त्र निर्माण गर्ने भन्ने स्पष्ट खाका बनेको छैन। विश्वमा समाजवादी अर्थव्यवस्था सङ्कटमा परिरहेको अवस्थामा नेपालमा समाजवाद उन्मुख अर्थतन्त्रले कस्तो आर्थिक उद्देश्य तय गर्ला भन्ने सवालमा समस्या छ।

समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न राज्यले सर्वप्रथम पछाडि परेको वर्ग, क्षेत्र, समुदाय, गरिब किसान र मजदुरलाई सामाजिक न्यायसहित आर्थिक रूपमा माथि उठाउने कार्यक्रम ल्याउनुपर्छ। भौगोलिक र क्षेत्रीय सन्तुलन कायम राख्न सामाजिक न्यायसहितको विकासमा जोड दिनुपर्छ। भौतिक पूर्वाधार, यातायात, कृषि, पर्यटन, उद्योग, ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ, स्वास्थ्य, शिक्षा, सूचना र प्रविधिलगायतका क्षेत्रमा सहकारी, निजी तथा साझेदारीको मोडलमा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।

## *अध्ययन विधि*

यो अध्ययनमा गुणात्मक विधि प्रयोग गरिएको छ। अध्ययनको क्रममा प्राथमिक स्रोतका तथ्याङ्कहरू प्रयोग गरिएका छैनन् । द्वितीय स्रोतका तथ्याङ्कहरूलाई प्रयोग गरेर अध्ययन कार्य अगाडि बढाइएको छ। द्वितीय स्रोतको तथ्याङ्कका रूपमा समाजवादी अर्थव्यवस्था अँगालेका देशहरूको राजनीतिक, आर्थिक र सामाजिक विशेषताको

खोजी गरिएको छ। नेपालमा सञ्चालित विभिन्न प्रकारका उत्पादन र सेवामूलक उद्योगलाई सूचनाको थप स्रोतमा राखिएको छ। समाजवादी अर्थव्यवस्था अँगालेका देशहरूलाई नमुना अध्ययनको रूपमा राखिएको छ। त्यस्तै नेपालमा भएका राजनीतिक परिवर्तनका आन्दोलनहरू, राजनीतिक दलहरूले जारी गरेका दस्तावेजहरू, पार्टीका घोषणापत्र, वर्गीय र क्षेत्रीय मागमा आधारित आन्दोलन, वर्गसङ्घर्ष, विभेदजस्ता विषयवस्तु अध्ययनमा समावेश गरिएको छ। यसका अलावा समाजवादसँग सम्बन्धित विभिन्न दर्शन, पुस्तक, लेखरचनाहरूको गुणात्मक शैलीबाट विश्लेषण गरिएको छ।

## *समाजवादी अर्थव्यवस्थाको विश्व परिदृष्य*

हाल विश्वमा सामूहिक स्वामित्व र प्रतिस्पर्धाविहीन उत्पादन प्रणाली भएको समाजवादी अर्थतन्त्र अस्तित्वमा छैन। यद्यपि कतिपय वामपन्थी र लोकतान्त्रिक पुँजीवादी भएका देशहरूमा समाजवादको विशेषता मिश्रित अर्थप्रणालीको रूपमा दुई प्रकारले हेरिएको छ–

१. पुँजीवादी अर्थव्यवस्थामा समाजवादी विशेषताः यस्तो अर्थव्यवस्थामा पुँजीवादी व्यवस्थामा रहेर समाजवादी विशेषताको कार्यक्रमहरू घुसाउने र सरकारमा निम्न वर्गको समर्थन जुटाउँदै काम गर्ने गरिन्छ। जर्मनी, फ्रान्स, स्विडेन, डेनमार्क, स्विजरल्यान्डजस्ता युरोपेली देशहरू यसका उदाहरण हुन्।

२. बृहत् वामपन्थी समाजवादी कार्यक्रमले प्रतिस्पर्धात्मक बजार प्रणालीलाई आत्मसात् गर्दै समाजवादी कार्यक्रमको हिस्सा धेरै र पुँजीवादी कार्यक्रमको विशेषता थोरै लिएको हुन्छ। चीन, भियतनाम, लाओस र केही दक्षिण अमेरिकी देशहरूले यसप्रकारको समाजवादी कार्यक्रम अगाडि सारेका छन्।

आर्थिक उत्पादनका हिसाबले समाजवादी अर्थ–प्रणालीको अस्तित्व सामूहिकतामा आधारित हुन्छ। यसमा व्यक्तिगत लाभ र हितको महत्त्व रहँदैन। उत्पादनका साधन र स्रोतलाई राज्यले परिचालन गरेको हुन्छ। पुँजीपति वर्गको उपस्थिति र भूमिका न्यून रहन्छ। उत्पादनका साधनमा मानवीय स्रोत, ज्ञान, सिप तथा प्रविधिको प्रयोग भएको हुन्छ। उत्पादनको स्वामित्व, वितरण प्रणाली, भूमिका र पहुँचलाई सामूहिकताको हितमा महत्त्व दिइन्छ। उत्पादन प्रणालीमा समाजका अन्य पक्षहरू राजनीति, अर्थतन्त्र, शिक्षा, कला, संस्कृति र मानवीय चिन्तन र व्यवहारहरू पनि समावेश भएका हुन्छन्। यिनीहरू उत्पादन प्रणालीमा आएको परिवर्तनसँगै अर्थव्यवस्थाको रूपान्तरणमा सहयोगी हुन्छन्।

लोकतान्त्रिक समाजवादले तथ्याङ्कवादी, विकास–उन्मुख, उत्पादकत्ववादी र नैतिकतालाई स्वीकार गर्छ। यो प्रणलीमा सीमित स्रोतसाधन भएको स्थानमा बस्ने मानिसको अवस्था कमजोर हुन्छ। यसलाई कम गर्न सकेसम्म भावी पुस्ताको लागि दिगो र नवीकरण स्रोतलाई स्वीकार गरेको हुनुपर्छ। अतः पृथ्वीमा रहेका सबै प्राणीका लागि आवश्यक पर्ने स्रोतमा पुनर्वितरण आवश्यक छ। सबै प्राणीलाई समान स्रोतको वितरण गर्न समाजवाद आवश्यक पर्छ। यसलाई उपभोग गर्न केही पुँजीवादी राष्ट्रहरूले आफ्नो राज्यको नीतिमा सुधार गर्ने प्रयास गरेका छन्। ती देशले समाजवादी सिद्धान्तको प्रभावका कारण सामाजिक आर्थिक न्यायको चिन्तन अगाडि सारेका छन्। परिणामस्वरूप सामाजिक असमानताले गर्दा पुँजीवादी विश्व प्रणाली सुरु भएको छ (बेर, २०१६, पृ १२९)।

राज्यमा सबैको आवश्यकतालाई समन्वय तथा प्रशासन गर्ने माध्यम समाजवादलाई ठानिन्छ। यही कारण समयको विकाससँगै समाजवादको सिद्धान्तमा व्यापक सुधार आएको छ। जब मार्क्स तथा एङ्गेल्सले युरोपेली भूमिमा चरम श्रम शोषण र बजार अर्थतन्त्रको प्रतिक्रियाका रूपमा समाजवादको सिद्धान्त प्रस्तुत गरे। तब उनीहरूले समाजमा हुने र नहुनेबिचको चरम वर्ग विभाजन, निजी स्वामित्वको प्रावधानलाई गैरकानुनी नबनाएसम्म समाधान नहुने बताए। उनीहरूले यो पनि विश्वास गरे कि श्रमिक वर्गका मानिसहरू कहिल्यै उच्च वर्गका पुँजीपतिसँग प्रतिस्पर्धा गर्न सक्तैनन्। त्यसैले समाजवादले प्रतिस्पर्धाका विपरीत सामूहिकताको वकालत गर्छ। यसैले मार्क्सवादीहरूको शास्त्रीय मिसन साम्यवादी संसार सृजना गर्नु थियो।

समाजवादलाई ‘वर्गविहीन र राज्यविहीन समाज बनाएर साम्यवादको बाटो’ मानिन्थ्यो (एसेनवेन, २००४, पृ २२२७–२८)।

काल्पनिक समाजवादीहरूले विश्वसामु विकासवादी, अहिंसात्मक र आर्दशवादी समाजवादको पक्षमा जोड दिए। कार्ल मार्क्सले यो विचारलाई परिमार्जन गर्दै कल्पनावादी बताए। उनले त्यसबाट क्रान्तिकारी, हिसात्मक, व्यावहारिक र वैज्ञानिक समाजवादको सिद्धान्त प्रतिपादन गरे (सिंह, ई. १९७३, पृ ६२५)। समष्टिवादलाई अन्य नामजस्तै राज्य समाजवाद लोकतान्त्रिक समाजवादबाट पनि चिनिन्छ। यसले भूमि तथा उद्योगमा व्यक्तिगत स्वामित्व हटाएर त्यसलाई राज्यको अधीनमा राखी लोककल्याणकारी बनाउँछ (सिंह, इ. १९७३, पृ ६६७)।

बेलायतका एक प्रसिद्ध समाज चिन्तक थोमस मरले बेलायती समाज तथा आर्थिक समस्याको बारेमा गहिरो अध्ययन गरे। उनले सम्पत्तिलाई शोषणको मुख्य तत्त्व मान्दा समाजबाट असमानता तथा शोषण हट्नुपर्ने मान्यता राखे। पन्ध्रौँ शताब्दीतिर उनले एउटा आदर्शशील समाजवादी राज्यव्यवस्थाको चित्रण ‘युटोपिया’ नामक आफ्नो पुस्तकमा गरेका थिए (अधिकारी, २०५८: २)। उनले त्यो बखत बेलायतको औद्योगीकरण र सहरिया सभ्यताले मानवतावादी प्रवृत्ति जगाउँदै वास्तविक जीवनको खोजी गराएका थिए। बेलायती फेबियनवाद र फ्रान्सेली श्रमिक सङ्घर्षवादको श्रेणी समाजवादलाई मानिएको छ। यो फेवियनवाद जस्तो बढी उदार, न त श्रमिक सङ्घर्षवाद जस्तो क्रान्तिकारी प्रकृतिको हुन्छ (सद, ई. १९९४ पृ ९५)।

बेलायती युवा बुद्धिजीवीहरूको विचारबाट फेवियनवाद जन्मेको हो। मार्क्सको क्रान्तिकारी वर्ग सङ्घर्ष सम्बन्धी चिन्तनबाट अलग रहेर कानुनद्वारा समाजको सुधार गर्न सकिन्छ भन्ने फेवियनवादको धारणा थियो। फेवियनवाद रोमन सैनिक जनरल फेवियसको नामबाट राखिएको थियो। फेवियसले आफ्नो विरोधीमाथि उचित समय नआउन्जेल धैर्यका साथ पर्खने र समय आएपछि प्रहार गर्ने नीति लिएका थिए (सद, इ. १९९४ पृ ९५)।

जर्मन चान्सलर विलिवान्टको नेतृत्वमा सोसलिस्ट इन्टरनेसनल युरोपबाहिरका देशहरूमा पनि सशक्त रूपमा फैलियो। सन १९७६ मा विलीवान्ट सोसलिस्ट इन्टरनेशनलका अध्यक्ष भएका बेला विश्वेश्वरप्रसाद कोइराला उपाध्यक्ष भएका थिए (राणा र साथीहरू, २०५३, पृ १३)। यसले समाजवादी चिन्तनलाई नेपालमा मलजल गर्न सहयोग गऱ्यो।

मार्क्सवादी वर्ग सङ्घर्षको मूल उद्देश्य पुँजीवादको समाप्ति र सर्वहारा वर्गको अधीनायकत्व हुने समाजवाद स्थापित गराउनु थियो। समाजवादको स्थापनापछि वर्ग र राज्यविहीन साम्यवादी समाजको स्थापना गर्नु थियो। वर्ग सङ्घर्षको अन्त्यमा पुँजीपति वर्गमाथि श्रमिक वर्गको विजय हासिल भएर सर्वहारा वर्गको अधीनमा सत्ता स्थापित गराएर साम्यवादको स्थापना हुने कुरामा विश्वास राख्दथ्यो (पोखरेल, २०६५ पृ २०३)।

समाजवाद केवल पुँजीवादी र राज्यवादीमाथिको विरोध मात्र होइन। समाजवादी अर्थव्यवस्थाले उद्योगमा राष्ट्रियकरण र कृषिमा सामूहिकीकरणको कार्य गर्दछ। यसअर्न्तगत मानिसद्वारा मानिसको शोषण नहुन, अन्याय र उत्पीडन नहुन, असुरक्षा नहुन, सम्पत्ति, सेवा र अवसरहरूको समान वितरण हुने कुरा पर्छन् (नारायण, इ.१९७३, पृ ७८)।

पुँजीवादी उत्पादन प्रणालीबाट समाजवादी अर्थतन्त्रमा जाँदा त्यसको प्रत्यक्ष प्रभाव राज्यमा पर्छ। यसले उत्पादनका सम्पूर्ण साधनमा सामूहिक स्वामित्व कायम गर्छ। आर्थिक, सामाजिक र राजनीतिक समानताले सबै प्रकारका भेदभाव अन्त्य गर्दै गरिब र धनीबिचको खाडल पुर्छ। केन्द्रीय निकायबाट आवधिक आर्थिक योजना तथा विकासका खाकाको प्रारूप तय हुन्छ। समाजवादी अर्थव्यवस्थामा व्यक्तिगत प्रतिस्पर्धालाई निरुत्साहित गरिन्छ। राज्य आफैँले उद्यमशीलका रूपमा काम गर्छ। सरकारको प्रत्यक्ष भूमिका लगानी, उत्पादन, वितरण र वैदेशिक व्यापारमा हुन्छ। सामाजिक सुरक्षाका कार्यक्रमद्वारा नागरिकको स्वास्थ्य, शिक्षा र गुणस्तरीय जीवनयापन सुनिश्चित गरिन्छ। सोभियत सङ्घ, क्युबा, भेनेजुएलाजस्ता कम्युनिस्ट राष्ट्रहरूले यसप्रकारको शास्त्रीय समाजवादको अभ्यास गरेका थिए। यसकारण

नेपालको अर्थव्यवस्थाको चरित्र यो विशेषतासँग मेल खाएको देखिँदैन । सरकारले उद्योग, कलकारखाना, उत्पादन र वितरण प्रणालीमा सामूहिक अथवा राज्यको नियन्त्रणमा राखेर काम गरेको छैन ।

## *समाजवाद र यसका विशेषताहरू*

मार्क्सवादी मान्यताले साम्यवादमा पुग्ने अस्थायी साधनका रूपमा वैज्ञानिक समाजवादलाई लिन्छ। त्योभन्दा अगाडि उन्नत सामूहिक चेतनाको विकासबाट सामाजवाद स्थापित गराउँछ। समाजवादबाट वर्ग सङ्घर्ष समापन भई उत्पादन, वितरण र सेवा प्रवाहमा निजी स्वार्थको अन्त्य राज्यले गर्छ। जनताले प्राप्त गर्ने सामाजिक तथा आर्थिक अधिकारमा राज्यको उच्च र निजी क्षेत्रको दायित्व निकै कम हुन्छ।

समाजवाद राजनीतिक विचार र सिद्धान्तको जराका रूपमा मानिन्छ । यसले राजनीति दर्शनको रूपमा काम गरेको हुन्छ । प्राचीन ग्रीसमा दार्शनिक प्लेटोले आफ्नो गणतन्त्रमा ३७५ ईसापूर्वतिर समाजवादको वकालत गर्दै स्रोतहरू समान रूपमा बाँडेका थिए। उनको त्यो समयमा निजी सम्पत्ति समाप्त पारिएको थियो। उनको त्यो गणतन्त्रले अभिभावक वर्गका पुरुष र महिलाहरूले एकअर्कासँग आफ्ना केही भौतिक सामानहरू मात्र होइन आफ्ना पति/पत्नी र बच्चाहरूसमेत बाँडेका थिए (बल एण्ड डैगर, २०२३)।

सामूहिकतामा विश्वास गरिने हुनाले समाजवादको विशेषता प्रतिस्पर्धामा आधारित हुँदैन। यसले सहकार्यको आधारमा सामाजिक सम्बन्ध स्थापित गर्दै उत्पादन गर्छ। एक्काइसौँ शताब्दीको समाजवाद पुँजीवादीहरूको एउटा सानो समूहबाट सञ्चालित हुनु हुँदैन। यसले पुँजीपतिको हितमा मात्र काम गर्दछ। वास्तविक समाजवादले सबै मानिसहरूको साझा हितमा काम गर्छ (गिल्बर्ट, २०२०)।

साम्यवाद आउनुभन्दा पहिलाको सङ्क्रमणकालीन सामाजिक आर्थिक व्यवस्था नै वैज्ञानिक समाजवादको उपज हो । विश्वभर पुँजीवाद विकास भएको समय समाजवादको चर्चा चल्नु सामान्य विषय होइन । अतः समाजवादका विशेषताहरू यसप्रकार रहेका छन्–

### *राजनीतिक विशेषता*

पुँजीवाद र साम्यवादबिच राज्यको सङ्क्रमणकालीन व्यवस्थालाई समाजवाद भनिन्छ। यो साम्राज्यवाद, विस्तारवाद, उपनिवेशवाद र दलाल पुँजीवाद विरोधी राज्य व्यवस्था हो । यो राज्यव्यवस्था समुदाय केन्द्रित सामाजिक तथा आर्थिक पद्धतिमा आधारित हुन्छ। यसको पहिलो चरणमा पुँजीवादी र समाजवादीबिच द्वैध आर्थिक अस्तित्व कायम रहन्छ। कार्यान्वयनको केही समयपछि आर्थिक, सामाजिक र सांस्कृतिक बिन्दु उच्च तहमा पुगी पैसाको मूल्य, ज्याला र पुँजीको सञ्चय न्यून हुन्छ । प्रगतिशील पुँजीवादमा जनताको अधीनयकत्व हुन्छ भने समाजवादमा सर्वहारा (उत्पीडित) वर्गको बर्चश्व कायम रहन्छ। यहाँ जनतालाई एउटै समाजवादी राजनीतिक मिसनमा गोलबन्द गरिन्छ। राज्यले उत्पादक शक्ति अधिकतम प्रयोग गर्दै सार्वजनिक, सहकारी र सामूहिक चिन्तनलाई संस्थागत गरिन्छ।

### *आर्थिक विशेषता*

समाजवादी अर्थतन्त्रको चरित्र सामूहिक भावबाट प्रेरित हुन्छ। औद्योगिक अर्थतन्त्र पूर्ण आकारमा विकास गरी समाजवादी चरित्र दर्शाएको हुन्छ। समाज पूर्ण रूपमा औद्योगीकृत भएकाले वस्तु र सेवा प्रवाह व्यापक रूपमा राज्यबाट गरिन्छ । आन्तरिक पुँजीको बृहत्तर विकास सामूहिक तथा न्यायपूर्ण वितरण प्रणालीबाट भएको हुन्छ। उद्योग, कलकारखाना तथा अन्य आर्थिक एकाइलाई राष्ट्रियकरण गर्दै सहकारीमा पुनःसङ्गठित गरिएको हुन्छ। अर्थतन्त्रको चरित्र सार्वजनिक, सामूहिक र सहकारी पद्धतिमा आधारित हुन्छ । समाजवादी राज्य संरचनामा श्रमशक्ति खरिदबिक्रीको अन्त्य गर्दै समाजका सदस्य, मजदुर र मालिक एउटै भूमिकामा रहन्छन्।

समाजवादी अर्थव्यवस्थामा उत्पादनका साधनहरू सामूहिक परिचालन गरिन्छ। व्यक्तिगत स्वामित्वको सट्टा सामाजिक स्वामित्व स्थापित गरिन्छ। स्वायत्त सहकारी, प्रत्यक्ष सार्वजनिक स्वामित्व र सामूहिक उपयोगका लागि

उत्पादन गरिन्छ । समाजवादको पहिलो चरणमा बजार सम्बन्ध अस्तित्वमा रहे तापनि नाफा र बजारविहीन सामाजिक आर्थिक सम्बन्ध स्थापित गरिन्छ। उत्पादनका साधनहरूमा श्रमजीवी वर्गको नियन्त्रण हुन्छ। उत्पादन, विनिमय, वितरण र उपभोगमा सामाजिकपद्धति अङ्गीकार गरिएको हुन्छ।

## *सामाजिक/सांस्कृतिक विशेषता*

आजकाल विश्वमा उपभोक्तावादी संस्कृति हाबी भएको छ। यो मार्क्सवाद विरोधी संस्कृति हो। यसले समाजवादको वकालत गर्दैन। यसको लागि मार्क्सवादी प्रजातिको उन्नत, न्यायिक र प्रगतिशील संस्कृति अपरिहार्य हुन्छ। भोगविलासीजस्ता उपभोक्तावादलाई मार्क्सवादी संस्कृतिले विरोध गर्छ। उपभोक्तावादी समाजवाद सत्तानिहीत स्वार्थको केन्द्र रहन्छ। यसमा व्यक्तिगत सम्पत्ति आर्जनको होडबाजीले गर्दा भ्रष्टाचार संस्थागत हुन्छ। समाजवादी सस्कृतिले सबै नागरिकलाई कामअनुरूपको समान वितरण र उपभोगको अवसर दिन्छ। उपभोक्तावादमा राज्यले दायित्व लिने नाममा जनतालाई कमजोर पार्छ। यसबाट समाजवाद निर्माणको कठिन द्वन्द्वात्मक भौतिकवादको सृजना हुन्छ। त्यसपछि निरन्तर आन्दोलनका कारण मान्छेको सोचाइमा परिवर्तन भएर समाजवाद स्थापना हुन्छ। यसले सामाजिक एकता, सद्भाव र मेलमिलापको राजकीय नीति अवलम्बन गर्छ। सबै समुदायलाई समान अवसर, न्याय र सम्मानसहितको सामाजिक अधिकार प्रदान गर्छ। त्यसपछि सबै वर्ग, जाति, क्षेत्र र लिङ्गका नागरिक एउटै परिवारमा सङ्गठित हुन्छन् भन्ने मान्यता राख्दछ।

## *समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको आधार*

सत्रौँ सताब्दीदेखि बेलायतमा लोकतान्त्रिक समाजवाद आरम्भ भएको थियो। सन् १८४८ मा मार्क्सको साम्यवादी घोषणापत्र प्रकाशित भएपछि यसको प्रभाव युरोपभरि पर्‍यो। बेलायती जनतामा भने यसको प्रभाव खासै परेन। समाजवाद उन्मुख अर्थतन्त्रको अवधारणा पहिलो पटक सन् २००१ मा भियतनाममा आयो। यद्यपि यो लगभग दश वर्ष पहिले सन् १९९२ मा चौधौँ चिनियाँ कम्युनिस्ट पार्टीमा जारी गरिएको नीतिसँग मेल खाएको देखिन्छ। त्यसपछि चीनले सन् १९९३ मा आफ्नो संविधान १९८२ को धारा १५ संशोधन गर्‍यो (वियुआई, २०२०)। लोकतान्त्रिक समाजवादले क्रान्तिकारी विचार र राज्यविहीन समाजलाई स्वीकार्दैन। यसले त समाजवादी व्यवस्था स्थापना गर्न राज्यलाई मुख्य साधन मान्छ। राज्यद्वारा निर्मित कानुनअनुसार श्रमिकहरूको व्यवस्थापन र पुँजीपति तथा जमिनदारबाट उत्पादनको भौतिक साधन समाजलाई हस्तान्तरण गर्दछ। यसले जनप्रतिनिधिमूलक संस्थामा विश्वास गर्ने हुँदा संसदीय शासनलाई प्रमुख आधार मान्छ (भण्डारी, २०६४, पृ १०४)।

राष्ट्रिय पुँजी विकास गर्न राज्य नियन्त्रित उद्योगहरूमा तीनोटै तहका सरकारले लगानी बढाउनुपर्छ। राज्यले उत्पादन वृद्धि गर्ने र रोजगारी सृजना गर्ने नीति लिनुपर्छ। यसमा बहुराष्ट्रिय कम्पनीको एकाधिकार पुँजीवादलाई कमजोर बनाउँदै राष्ट्रिय पुँजीको जगेर्ना गरी उद्योगीलाई राष्ट्रियकरण गर्नुपर्छ। पुँजी विना समाजवादी क्रान्ति अगाडि बढाउन नसकिने हुनाले पुँजीको सञ्चयमा ध्यान दिनुपर्छ। नेपालमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न राष्ट्रिय पुँजीको विकास आवश्यक छ। यस कामका लागि निजी क्षेत्र र वैदेशिक लगानीमा राज्यले अनुकूल वातावरण बनाउनुपर्छ। उत्पादनका साधनको समुचित प्रयोग, व्यवस्थापन तथा वितरण प्रणालीको स्पष्ट खाका तीनोटै तहका सरकारले बनाउँदै आर्थिक विकाससहितको स्थायित्व गर्ने रणनीति बनाई उपलब्ध स्रोतसाधन परिचालन गर्नुपर्छ। स्वदेशमा दक्ष जनशक्ति तयार गरेर विदेशी जनशक्तिलाई प्रतिस्थापन गर्दै स्वदेशमै रोजगारी सृजना गर्नुपर्छ। राज्य तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु र सेवाको उत्पादन गरी आत्मनिर्भर सहितको अर्थतन्त्र विकासमा लाग्नुपर्छ।

सामाजिक लोकतन्त्रका विशेषता भनेको स्वतन्त्रता, समानता, न्याय र एकता हुन्। यी मूल्य मानवीय समाजको गठनमा बढी सरोकार राख्छ। सामाजिक लोकतन्त्रको मूल मूल्यको सम्मान गर्दै राष्ट्रले व्यक्तिगत क्षमता र रचनात्मक कलालाई नियन्त्रण गर्नुहुँदैन (टोबियास गोम्बर्ट, २००९)।

नेपालमा पुँजीवादी उत्पादन प्रणालीले देशको समग्र आर्थिक अवस्था गिरेको छ। यसलाई सुधार्न समाजवाद उन्मुख उत्पादन प्रणाली आवश्यक पर्छ। राज्य नियन्त्रित उद्योग, सेवा प्रवाह गर्ने कम्पनीको विकासमा सरकार सक्रिय भएर निजी क्षेत्रसँग हातेमालो गर्दै अगाडि बढ्नुपर्छ। देशमा आवश्यक पर्ने वस्तु र सेवाको उत्पादन र उत्पादनका साधन राज्यको अधीनमा लैजाने रणनीति लिइनुपर्छ। नेपालले अँगालेको मिश्रित पुँजीवादी चरित्रको अर्थव्यवस्थालाई परिवर्तन गरेर समाजवादी चरित्रमा रूपान्तरण गर्नुपर्छ। समाजवादी अर्थतन्त्रमा मितव्ययिताको सिद्धान्तलाई आधारशिलाको रूपमा राखी राज्य र पार्टीले अनावश्यक खर्च कटौती गर्ने रणनीति अवलम्बन गर्नुपर्छ।

## *समाजवाद उन्मुख अर्थव्यवस्थाको ढाँचा*

समाजवादी अर्थव्यवस्थाको चरित्र मिश्रित अर्थतन्त्र होइन। यद्यपि सङ्क्रमणकालीन समयमा राज्य, निजी क्षेत्र, सहकारी र समुदायको पनि अर्थव्यवस्था विकासमा भूमिका हन्छ। समाजवादी दर्शनका आधारमा समाजवाद उन्मुख अर्थव्यवस्थाको ढाँचा यसप्रकार रहेको छ–

१. तीन दशकदेखि राज्यले अपनाएको नवउदारवादी आर्थिक नीतिले कमजोर बनेको राज्यको भूमिका, बढ्दो असमानता, बेरोजगारीमा सिंहावलोकन गरी सुधार र समायोजन गर्ने।

२. लोककल्याणकारी राज्य निर्माणको अवधारणालाई जोडी सर्वसुलभ आधारभूत सामाजिक सेवाको प्रत्याभूति गर्ने।

३. अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिका बढाएर निजी पुँजीको संरक्षण र राष्ट्रिय पुँजी निर्माणमा विदेशी लगानीको परिचालन गर्ने।

४. खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, ऊर्जा सुरक्षा, सामाजिक सुरक्षा, रोजगारीका क्षेत्रमा आत्मनिर्भर हुन लगानी र उत्पादकत्व वृद्धि गर्ने।

५. सार्वजनिक वितरण प्रणाली तथा जनमुखी आपूर्ति व्यवस्थापन आधारमा उत्पादक र उपभोक्ताबिचमा बिचौलियाको शोषण अन्त्य गर्ने।

६. आधारभूत उपभोग्य वस्तु र सेवाको मूल्य निर्धारण, लक्षित उत्पादक तथा उपभोक्तालाई अनुदानमार्फत उपभोक्ता हित संरक्षण गर्ने।

७. अर्थव्यवस्थालाई द्रुतगतिमा अगाडि बढाउन प्रतिस्पर्धा र संरक्षणबिच आवश्यक तालमेल मिलाउने।

८. अर्थतन्त्रमा देखिएका संरचनागत समस्या, विकास र सामाजिक सुधारका क्षेत्रमा समाधानका लागि रूपान्तरण गर्ने।

९. सार्वजनिक कम्पनीको स्थापना, विकास र प्रवर्द्धन गरी बढीभन्दा बढी पुँजी सङ्कलन गर्ने र निजी क्षेत्रबाट सञ्चालित उद्योग तथा आयोजनालाई सार्वजनिक प्रतिष्ठानका रूपमा सञ्चालन गर्ने।

१०. अन्तर्राष्ट्रिय समुदाय, दातृनिकाय र विकास साझेदारबाट प्राप्त हुने आर्थिक सहयोग राष्ट्रिय प्राथमिकता तथा सामूहिक पुँजी निर्माणका क्षेत्रमा लगाउने।

११. वैदेशिक मामिला, जलस्रोत, शिक्षा, स्वास्थ्य, भूमिसुधार र सुशासनमा सबै राजनीतिक पार्टी तथा नागरिकको सहमति निर्माण गर्ने।

१२. आर्थिक विकासमा पुँजी परिचालन, बचत, लगानी, उत्पादन, वितरण र सामाजिक रूपान्तरणमा पुँजीको दक्षता, श्रमको उत्पादकत्व तथा उद्यमशीलता विकास गर्ने।

१३. सामाजिक तथा आर्थिक रूपान्तरणमा सामुदायिक संस्था र सहकारीको भूमिका बढ्दै गएकाले यसलाई राज्यद्वारा थप नियमन गर्ने।

## *नेपालका उत्पादन र सेवा प्रदायक उद्योगहरूको अवस्था*

समाजवादी अर्थव्यवस्था अङ्गिकार गरेका देशहरूले सबै नागरिकलाई गुणस्तरीय वस्तु र सेवा पहुँचको सुनिश्चितता गरेको हुन्छ। उत्पादन तथा वितरणको क्षेत्रमा राज्य पूर्ण नियन्त्रित हुन्छ। त्यहाँ व्यक्तिगत नाफाभन्दा सामूहिक हितमा काम गरिन्छ। यी चरित्रका आधारमा नेपालको अर्थव्यवस्था पुँजीवादी, उदारवादी, नवउदारवादी, उपभोगवादी, सामाजवादी, साम्यवादी वा मिश्रित के छ भनेर जाँच्न सकिन्छ। नेपालको अर्थव्यवस्था विश्लेषण गर्दा यहाँ सञ्चालनमा रहेका वस्तु

र सेवा उत्पादन तथा वितरण गर्ने उद्योगहरूको वर्तमान अवस्थाको चिरफार गर्न आवश्यक हुन्छ। सन् २०२४ को राष्ट्रिय उद्योग सर्वेक्षणका अनुसार तालिकामा उद्योगको विवरण देखाइएको छ–

***तालिकाः १***

***नेपालमा सञ्चालित उद्योगहरूको स्वामित्व***

| क्र.स | उद्योगको स्वामित्व | उद्योगको सङ्ख्या | प्रतिशत | स्थिर पुँजी हजारमा | संलग्नता सङ्ख्या | रोजगार सङ्ख्या | रोजगार प्रतिशत | उत्पादन मूल्य (हजार) |
|---|---|---|---|---|---|---|---|---|
| १ | निजी | ५७४५९ | ९४.७४ | ४०२८१७८८२ | ४५६८७६ | ३५३८६० | ८९.६० | १०५३९९९७८३ |
| २ | सहकारी | ३२२ | ०.५३ | ४५३११८३ | २७९७ | १४७० | ०.३७ | ४७७५२८२ |
| ३ | सरकारसँगको सहकार्य | ५६० | ०.९२ | १७३२१६९३ | ७२२७ | ६०९० | १.५४ | ११०६३५८१ |
| ४ | सरकारी | १३९ | ०.२३ | १७२८१८२७१ | ११९४६ | ११७७० | २.९८ | ९११२२८०० |
| ५ | सरकारी स्वामित्व भएको | १०३ | ०.१७ | १८०७७१६१८ | १२१५८ | १२०८० | ३.०६ | ९०३२२०६० |
| ६ | (निजी) विदेशी लगानी | २६५ | ०.४४ | १६४३२० | १११२ | ५०७ | ०.१३ | १०९४१९३ |
| ७ | निजी स्वदेशी र विदेशी | ५३९ | ०.८९ | १०९८७६५९ | ५२६० | ४२९२ | १.०९ | ३६२४२४०६ |
| ८ | अन्य | १२५९ | २.०८ | ७४४७४६५ | ८५९४ | ४८५८ | १.२३ | ८४४८७०६ |
|  | कुल जम्मा | ६०६४६ | १०० | ७९६८६००९१ | ५०५९७० | ३९४९२७ | १०० | १२९७०६८८११ |

***राष्ट्रिय उद्योग सर्वेक्षण सन् २०२४***

तालिका नं १ मा विभिन्न प्रकारका सेवा प्रदायक उद्योगहरूको सङ्ख्या, स्वामित्व तथा रोजगारीको अवस्था देखाइएको छ । नेपालमा सञ्चालित कुल उद्योगमध्ये ९४.७४% निजी क्षेत्रको योगदानबाट खुलेका छन्। यस्ता उद्योगले ८९.६% रोजगार सृजना गरेको छ । सरकारी लगानीका जम्मा ०.२३% उद्योग खुलेको छ । सरकारी स्वामित्वमा खुलेको उद्योगको सङ्ख्या केवल ०.१७% छ। सरकारी लगानी र सरकारको स्वामित्वमा रहेको उद्योगको सङ्ख्या ०.४०% छ । यि दुवै उद्योगले जम्मा ५.९५% रोजगारी सृजना गरेको छ । त्यसैगरी विदेशी निजी लगानीमा खुलेको उद्योगको हिस्सा ०.४४% र त्यसले दिएको रोजगारी ०.१३% छ। निजी स्वदेशी तथा विदेशी लगानीमा खोलिएका ०.८९% उद्योग छन्। यसले सृजना गरेको रोजगारी १.०९% छ। सामाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा उद्योग, वस्तु र सेवा प्रवाहको क्षेत्रमा राज्यको नियन्त्रण हुनुपर्ने हुन्छ। नेपालको अर्थतन्त्रको सबै हिस्सा निजी क्षेत्रमा रहेकाले समाजवाद उन्मुख अर्थतन्त्र व्यवहारमा आएको छैन भन्नैपर्छ।

## ***नेपालको वस्तु र सेवा आयात निर्यातको अवस्था***

सन् २०२४ को विश्व औद्योगिक व्यापार तथ्याङ्कले देखाएअनुसार नेपालको कुल निर्यात १३००४६९७६० अमेरिकी डलर र कुल आयात १३७४३९०३६१० अमेरिकी डलर छ। वैदेशिक व्यापार सन्तुलनमा घाटा १२४४३४३३८६० अमेरिकी डलर देखिन्छ। प्रभावकारी रूपमा लागु गरिएको ट्यारिफ ११.५९% छ र सबैभन्दा बढी औसत ट्यारिफ १२.८७% रहेको छ। विश्व व्यापार वृद्धि ५.३४% का तुलनामा नेपालमा व्यापार सङ्कुचन १०.२८% ले भएको छ । नेपालको सेवा निर्यात १२२४८६०५९५.९८ अमेरिकी डलर र सेवा आयात १९७८८७५६७७.३८ अमेरिकी डलर बराबरको छ । वस्तु तथा सेवाको निर्यात कुल गार्हस्थ उत्पादनको ६.७६% र वस्तु तथा सेवा आयातको कुल गार्हस्थ उत्पादनको ४२.६४% रहेको छ।

*तालिका नंः २*

***नेपालको वैदेशिक व्यापार सूचकको वर्तमान अवस्था***

| क्र.स | व्यापार सूचकहरू | आ. व २०८०/८१ (फागुनसम्मको) | आ.व. २०८१/८२ (फागुनसम्मको) | परिवर्तन (%) |
|---|---|---|---|---|
| १ | आयात (रु. हजार) | १०३०२२२६९९ | ११४५५६६२४० | १०.०७ |
| २ | निर्यात (रु. हजार) | १००६१७४४५ | १५८१७२४०२ | ११.२० |
| ३ | व्यापार घाटा (रु. हजार) | ९२९६०५२५५ | ९८७३९३८३८ | ५७.२० |
| ४ | कुल वैदेशिक व्यापार (रु. हजार) | ११३०८४०१४४ | १३०३७३८६४२ | ६.२२ |
| ५ | आयात/निर्यात अनुपात | १०.२४ | ७.२४ | १५.२९ |
| ६ | कुल व्यापारमा निर्यातको हिस्सा (]) | ८.९० | १२.१३ | २९.२७ |
| ७ | कुल व्यापारमा आयातको हिस्सा (]) | ९१.१० | ८७.८७ | ३६.३५ |

***भन्सार विभाग सन् २०२५***

भन्सार विभागले प्रकाशित गरेको सन् २०२५ मार्च महिनाको तथ्याङ्कअनुसार नेपालमा कुल आयात मूल्य रु. ११४५५६६२४० हजार अर्थात् (८७.८७%) हुँदा कुल निर्यात मूल्य रु. १५८१७२४०२ हजार अर्थात् (१२.१३%) बराबरको छ । व्यापार सन्तुलन घाटा रु ९८७३९३८३८ हजार अर्थात् (५७.२०%) र आयात राजश्व रु. ३०१६०९६९० हजार अर्थात् (२३.१३%) रहेको छ। नेपालको कुल व्यापारमा निर्यातको हिस्सा २९.२७% रहेको देखिन्छ। व्यापार घाटा आ. व. २०८०/८१ को तुलनामा आ. व. २०८१/८२ को फागुन मसान्तसम्म बढेको छ। कुल व्यापारमा आयातको हिस्सा आ.व. २०८०/८१ मा ९१.१०% रहेकोमा आ. व. २०८१/८२ को फागुन मसान्तसम्ममा ८७.८७% रहेको छ। कुल वैदेशिक व्यापार आ व २०८१/८२ को फागुन मसान्तसम्ममा आइपुग्दा ६.२२% ले बृद्धि भएको छ। आयात निर्यातको अनुपात आ. व २०८०/८१ मा १०.२४ भएकोमा आ. व. २०८१/८२ को फागुन मसान्तसम्म यो दर घटेर ७.२४ मा आएको छ। यी तथ्याङ्कहरूको विश्लेषणबाट नेपालले समाजवादी अर्थतन्त्रको चरित्र निर्माण गर्न सकेको देखिँदैन।

## *समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको रणनीति*

समाजवाद उन्मुख अर्थव्यवस्था आत्मनिर्भर, स्वावलम्बी र स्वाधीन हुनुपर्दछ। नेपालले अर्थतन्त्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी तथा दिगो बनाउन आर्थिक वृद्धिमा विशेष कार्यक्रम ल्याउनुपर्छ। नागरिकहरूको शिक्षा र स्वास्थ्यमा पहुँच पुर्‍याउन सर्वसुलभ र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको सुनिश्चितता कायम गरिनुपर्छ। स्थानीय र राष्ट्रिय पुँजी निर्माण गर्न आन्तरिक बचत परिचालन, लगानी वृद्धि र औद्योगिकीकरणमा जोड दिनुपर्दछ। नेपाली श्रमबजारमा आउने युवा तथा वैदेशिक रोजगारबाट फर्किएर आएका श्रमिकलाई स्वदेशमै स्वरोजगारी सृजना गर्नुपर्छ। भौतिक पूर्वाधार निर्माणको कामलाई आधारभूत सेवा प्रवाह र उत्पादनसँग जोडेर लैजानुपर्छ। शिक्षालाई सिपसँग, सिपलाई स्वरोजगारसँग, रोजगारलाई उत्पादनसँग र उत्पादनलाई आर्थिक क्रियाकलापसँग जोड्नुपर्दछ । कृषिलाई उच्च प्राथमिकता दिई उत्पादन बढाउने नीति, कार्यक्रम र बजेट ल्याउनुपर्दछ । मुलुकभित्रै खाद्यान्न, फलफूल, तरकारी, माछा मासु र दुधमा आत्मनिर्भर हुनेगरी उत्पादन बढाउने क्षेत्रमा राज्यले लगानी गर्नुपर्छ।

राज्यले सामूहिक उत्पादनका आधारमा अनुदान र सहुलियत दिने नीति लिनुपर्दछ । अहिलेको मिश्रित अर्थव्यवस्थाको चरित्र मानेर राज्य, निजी क्षेत्र, सहकारी र समुदायको सहकार्यमा आर्थिक उपार्जनका क्रियाकलाप व्यापक विस्तार गरिनुपर्छ। व्यापार सन्तुलन कायम राख्न आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनका लागि उत्पादन बढाउन सहुलियत कर्जा र अनुदानको व्यवस्था गर्नुपर्दछ। साना, मझौला र ठुला उद्योगको स्थापनामा राज्यले जोड

दिनुपर्छ। क्रियाशील श्रमिकको उत्पादकत्व र उद्यमशीलताको वृद्धिमा राज्य केन्द्रित कार्यक्रम सञ्चालनमा ल्याउनुपर्छ। मर्यादित र उत्पादनशील रोजगारीमा जोड दिन निजीकरण गरिएका र विघटन गरिएका संस्थानहरूलाई सामुदायिक स्वामित्वमा ल्याएर सञ्चालन गरिनुपर्दछ । विद्युत्बाट सञ्चालन हुने उद्योगव्यवसाय र अरू ठुलासाना यातायातका साधनको प्रयोगलाई प्रोत्साहन गर्दै पेट्रोलियम पदार्थको आयातलाई निरूत्साहन गरिनुपर्दछ । उत्पादन, प्रशोधन, विनिमय र वितरणको चरणमा सामूहिकताको मूल्य शृङ्खला कायम गरी उत्पादक र उपभोक्ताबिचको मूल्य खाडल हटाउनुपर्दछ। राज्यले मुलुकको विशिष्ट परिवेश पहिचान गरेर समावेशी तथा दिगो आर्थिक विकास हासिल गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

## *निष्कर्ष*

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न राज्यले अग्रगामी कार्यक्रम अगाडि सार्नु जरुरी छ। उद्योगमा निजी क्षेत्रको योगदान ९४.७४% र राज्यको उद्योगमा योगदान ०.४० % रहेकाले समाजवादी अर्थव्यवस्थाको कुरा भ्रम मात्र हो भन्ने सावित गरेको छ। त्यसैगरी निजी स्वदेशी र विदेशी लगानीमा खोलिएका उद्योगको योगदान ०.८९% देखिएको छ । उद्योगमार्फत निजी क्षेत्रले ८९.६% रोजगारी सृजना गरेको छ । सरकारले निजी क्षेत्रको योगदान र वैदेशिक लगानीको सहायतामा कसको प्राथमिकता रहन्छ भन्न सकेको छैन । निजी क्षेत्रलाई उत्पादनको दायरामा रहेर ढुक्कले लागानी गर्ने वातावरण कसरी बन्छ भनेर प्रस्ट पारेको देखिँदैन । निजी क्षेत्रलाई खुकुलो छाड्दै करको दायरा तथा दर बढाउदै लैजाने रणनीति राज्यको आर्थिक नीतिमा देखिन्छ । निजी लगानीले सामूहिकतामा जाने बाटाहरू अवरोध गर्ने र व्यक्तिगत हितमा प्रतिस्पर्धा बढ्ने हुन्छ। यस किसिमको अर्थव्यवस्थाले समाजवाद आउन सक्तैन। निजी क्षेत्रलाई आर्थिक विकासको संवाहकका रूपमा उल्लेख गर्ने हो भने समाजवादी अर्थव्यवस्थाको वकालत गर्नुमा यसको कुनै औचित्य रहँदैन । उत्पादन प्रणालीमा निजी क्षेत्र तथा सरकार आत्मनिर्भर नभएको अवस्थामा सरकारको भूमिका रचनात्मक तथा हस्तक्षेपकारी हुनुपर्छ। उद्यमशीलताको संयोजनकारी भूमिकाले मात्र विकास पर्याप्त हुँदैन । यसका लागि उत्पादन बढाई निर्यात प्रवर्धन गर्नु आवश्यक हुन्छ। नेपाल सरकार भन्सार विभागले सन् २०२५ मार्च महिनामा जारी गरेको तथ्याङ्कअनुसार नेपालमा ८७.८७% आयात हुँदा १२.१३% निर्यात भएको छ। व्यापार सन्तुलन घाटा ५७.२०% र आयात राजश्व २३.१३% रहेको छ। नेपालको कुल व्यापारमा निर्यातको हिस्सा २९.२७% रहेको छ। वस्तु र सेवाको निर्यात कुल गार्हस्थ उत्पादनको ६.७६% रहेको छ । यसले निजी क्षेत्रको लागानी प्रवर्धन र वैदेशिक सहायता परिचालनको सन्दर्भमा सरकार समाजवादको सैद्धान्तिक दायराभन्दा बाहिर जाँदैछ भन्ने देखाउँछ । सन् १९८५ ताका भियतनामले विश्व बैंकको सहयोग कार्यक्रममा आफ्नो समाजवादी कार्यक्रम प्रवर्धन पहिलो सर्त बनाएको पाठ नेपालले अनुसरण गर्नुपर्छ।

समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न दिगो तथा आत्मनिर्भर अर्थतन्त्र अपरिहार्य हुँदा नेपालले उत्पादन बढाउनुको विकल्प छैन । आत्मनिर्भर अर्थतन्त्र भनेको समाजवादको महत्त्वपूर्ण र लोककल्याणकारी अर्थव्यवस्था भएकाले उत्पादन बढाएर आयात विस्थापित गर्दै निर्यात प्रवर्धन गर्नुपर्छ। राज्यले सामूहिक लगानीमा प्रेरणा दिने र उत्पादनशील उद्योगको सङ्ख्या बढाउने कदम चाल्नुपर्छ। राज्यले खाद्य उत्पादन र औद्योगिकीकरणमा जोड दिँदै कृषिजन्य वस्तुको निर्यात गर्ने रणनीति बनाउनुपर्छ। आयात निर्यातमा सन्तुलन कायम राख्न उद्योगलाई नाफामा जाने योजनाबद्ध नीति र कार्यक्रमसहित निर्यात प्रवर्धनको रणनीति अवलम्बन गर्नुपर्छ। बृहत् सामाजिक सुरक्षासहित शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी र उपभोग्य वस्तुको वितरणमा सरकारले विपन्न परिवारलाई विशेष सुविधा दिनुपर्छ । यस्ता कार्यले समाजवादमा पुग्न सहयोग गर्छ। झट्ट हेर्दा यी कार्यक्रमहरू बजेट छर्ने र सरकारलाई तत्काल लाभ नहुने जस्तो देखिए तापनि यसले मानव पुँजी निर्माणमा ठुलो योगदान गर्छ। विपन्न र पछाडि परेको वर्गको उत्थान यस्ता कार्यक्रमहरूबाट सम्भव हुन्छ। वामपन्थी सरकारको

बाहुल्य भएका दक्षिण अमेरिकी देशले सन् १९९० को दशकमा शिक्षा क्षेत्रमा गरेको कार्यक्रमद्वारा विकासमा दिगो सफलता हसिल गरेको अनुभव नेपालको लागि हितकर हुनेछ। अतः सरकारले समाजवादी कार्यक्रम लागु गर्दा निजी क्षेत्रबाट आंशिक सहयोग लिने र सरकार आफैँसँग गुणस्तरीय सेवा दिने कामको थालनी हुनुपर्छ। संविधानमा उल्लिखित समाजवादको अवधारणा जनताको हितमा सार्थक बनाउने काम राजनीतिक पार्टीहरूको ऐतिहासिक जिम्मेवारी हो। यो जिम्मेवारी सरकार र त्यहाँ क्रियाशील राजनीतिक पार्टीले पूरा गरेको देखिदैन। यसैले नेपालमा सामाजवाद उन्मुख अर्थतन्त्र निर्माण भएको बताउनु वास्तविकता नभएर भ्रम मात्र हो।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, यज्ञप्रसाद (२०५८). *नेपालमा प्रजातन्त्र र समाजवादी रूपान्तरणको प्रश्न.* काठमाडौँ : प्रजातन्त्र सम्बर्धन केन्द्र।

नारायण, जयप्रकाश (१९७३). *समाजवाद सर्वोदय और लोकतन्त्र.* इलाहावाद : हिदी ग्रन्थ एकाडेमी।

नेपाल सरकार (२०२४). 'राष्ट्रिय उद्योग सर्वेक्षण प्रतिवेदन २०८०'. काठमाडौँ : राष्ट्रिय तथ्याङ्क कार्यालय।

नेपाल सरकार (२०७२). *नेपालको संविधान २०७२.* काठमाडौँ : नेपाल कानून आयोग।

नेपाल सरकार (२०८१). 'वैदेशिक व्यापारको तथ्याङ्क आ.व २०८१/०८२'. काडमाडौँ : भन्सार विभाग।

पोखरेल, कृष्ण (२०६५). *विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू.* काठमाडौँ : एम.के. पब्लिक्स एण्ड डिस्टिब्युटर्स।

भण्डारी, बद्रिप्रसाद (२०६४). *विश्वका प्रमुख वादहरू.* काठमाडौँ : पैरवी प्रकाशन।

मिश्र, सी. र महर्जन, राजेन्द्र (२०१९). *लोकतन्त्र र आजको मार्क्सवाद.* काठमाडौँ : बुक हिल प्रकाशन।

राणा, सागर शम्सेर र खनाल, कृष्ण (२०५३). *प्रजातान्त्रिक समाजवाद: नेपालको सन्दर्भ.* काठमाडौँ : प्रजातान्त्रिक सम्बर्धन केन्द्र।

सिह, वीरकेश्वरप्रसाद (सन् १९७३). *राजनीति शास्त्र के मूल सिद्धान्त.* (आठौँ सं.) पटना : ज्ञानदा प्रकाशन।

Ball, T. & Dagger, R. (2023). *Political Ideologies and the Democratic Ideal:* Taylor & Francis Group'. https://doi.org/10.3167/9781785336959

Bear, H. A. (2016). *Democratic eco-socialism as a real utopia* : Berghahn books.

Essenwein, G. (2004). *Socialism: A New Dictionary of the History of Ideas.* pp. 2227–2235. https://archive.org

Gilbert, J. (2020). *Socialist Politics and the Future of the Twenty-First.* Century : Politi Press.

Gombert, T. (2009). The Foundations of Social Democracy : Friedrich-Ebert Stiftung.

Hansen, A. (2020). *The Socialist Market Economy in Asia, Development in China, Vietnam and Laos.* Palgrave Macmillan.

Mises, Von. L. (1981). *Socialism: An Economic and Sociological Analysis.* Yale University Press.

UNIDO, (2024). *World Industrial Trade Statistics, United Nations Industrial Development Organization.* United States.